सरावल गाउपालिका
Sarawal Rural Municipality
गाँउ कार्यपालिकाको कार्यालय
Office Of The Municipality Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.स. २०८१/०८२
च.न.

पालिकाको चिनारी तथा सरसफाई सम्बन्धी गीत रचना गरी पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना!

**सूचना प्रकाशित मिति २०८१/१२/१७**

सरावल गाउँपालिकाको पहिचान हुने ऐतिहासिक, धार्मिक, प्राकृतिक, सामाजिक तथा आधुनिक विकास निर्माण लगायतका पक्षहरु झल्कने गरी पालिकाको चिनारी तथा सरसफाई सम्बन्धी गीत/गान निर्माणको लागि ३०(तीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशिलका बुदाँहरुलाई समेटी पालिकाको चिनारी तथा सरसफाई सम्बन्धी गीत/गान निर्माण गरी मिति २०८२/०१/१५ गते कार्यालय समयभित्र पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१. पालिकाको चिनारी तथा सरसफाई सम्बन्धी गीत नेपाली भाषामा बढीमा ५५ (पचपन्न) देखि ६० (साठी) शब्दको हुनुपर्नेछ ।

२. पालिकाको चिनारी तथा सरसफाई सम्बन्धी गीत लयात्मक तथा गेयात्मक हुनु पर्नेछ ।

३. पालिकाको चिनारी तथा सरसफाई सम्बन्धी गीत स्पष्ट रुपमा ऐतिहासिक, धार्मिक, प्राकृतिक, सामाजिक तथा आधुनिक विकास निर्माण लगायतका पक्षहरुको भावलाई समेत समेट्नु पर्नेछ ।( पालिकाको चिनारी गीतमा:- ककरपत्तनगर, उत्तरमा चुरे पर्वत, दक्षिण भारतको सिमाना, पुरानो बर्दघाटे कालिका मन्दिर, बुल बुले ताल, समृद्ध सरावल बनाउन आधुनिक विकास निर्माण, धर्म, संस्कृति, चाड-पर्व, कला संस्कृतिमा रहेको विविधता र पालिकाको सरसफाइ गीतमा:- नागरिकलाई सूसुचित गर्ने, स्वास्थ्य तथा सरसफाइ, जलवायु परिवर्तन, वृक्षारोपण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, स्वच्छ तथा स्वस्थ सरावल बनाउनमा अभिप्रेरित )

४. रचना मौलिक (अन्य राष्ट्रिय गीत तथा अन्य गाउँ/नगरपालिका सँग मेल नखाने) हुनु पर्नेछ ।

५. भाषा सरल र शुद्ध हुनु पर्नेछ ।रचनागरे वाफत रु ३५,०००(पैतीस हजार) र अन्य खर्च समतिको सिफारिस अनुसार हुनेछ ।

६. समग्र गाउँपालिकाको वस्तुस्थिति भाव झल्कने हुनु पर्नेछ ।

७. रचनामा प्रयोग भएका शब्द नेपाली जनजिब्रोमा प्रचलनमा रहेको हुनु पर्नेछ ।

८. रचनाकारले आफ्नो रचना युनिकोड फन्टमा टाइप गरी पि.डि.एफ. फाइल तयार गरेर info@sarawalmun.gov.np मा वा खामबन्दी गरी सरावल गाउँपालिकामा पेश गर्न सकिनेछ ।

९. रचनाकारले आफ्नो रचनासँगै नाम थर, ठेगाना, मोबाइल नं.इमेल ठेगाना( mail ID), शैक्षिक योग्यता, नागरिकताको फोटोकपी राखी निवेदन पेश गर्नुपर्नेछ ।

१०. तोकिएको समयभित्र प्राप्त पालिकाको चिनारी तथा सरसफाइ सम्बन्धी गीत (रचनाहरु) विज्ञ सम्मिलित छनौट समितिबाट गरिनेछ ।

११. छनौट भएको पालिकाको चिनारी तथा सरसफाइ सम्बन्धी गीतको रचनाकारलाई तोकिए बमोजिमको पारिश्रमिकमा नियमानुसार करकट्टी गरी रकम उपलब्ध गराइनेछ ।

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

"स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधारःसमृद्ध सरावलको आधार"